# रामग्राम नगरपालिका कार्यालय

डाक बढाबढ पोखरी ठेक्का सम्बन्धि

## सुचना ! सुचना !! सुचना !!!

(प्रथम पटक प्रकाशित मिति: २०७३/०३/०४ गते)

रामग्राम नगरपालिकाको अधिकार क्षेत्र तथा भोग चलनमा रहेको पोखरीहरु माछा पालन गरी आय आर्जनको लागि ठेक्कामा बन्दोवस्त गर्नु पर्ने भएको हुदा सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ एवं स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को प्रावधान बमोजिम तपसिलको शर्तहरु मन्जुर गरी खुल्ला डाक बढाबढ प्रतिस्पर्धामा भाग लिन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

*शर्तहरु*

१. पोखरी ठेक्का लिन इच्छुक व्यक्ति वा संघ संस्थाले यो सुचना प्रकाशन भएको मितिले ७औं दिन पुरा भएपछि नगरपालिकाले तोकेको मिति, समय र स्थानमा आई आफुले डाक बढाबढमा भाग लिन इच्छुक सिलसिलेवार पोखरीको नामको आधारमा कबोल अंकको लागि राख्नु पर्ने धरौटी रकम राखी निज सम्बन्धित व्यक्ति एवं कार्यालय प्रतिनिधीहरुको रोहवरमा डाकवढाबढ गरिने छ ।

२. प्रत्येक पोखरीको डाक बढाबढको समयावधि पहिलो चरणमा बढीमा ३० मिनेटको हुने छ । एक जनाले डाक बोली सकेपछि अर्को डाक बोल्ने व्यक्तिले ३० सेकेण्डमा आफ्नो डाक बोली सक्नु पर्ने छ । उक्त तोकिएको समयावधि भित्र डाक नबोलेमा डाक बोल्ने क्रमको अर्को व्यक्तिको पालो हुने छ र डाक बोल्ने क्रम निजले जुन क्रममा धरौटी राखेको छ सोही क्रममा कायम हुने छ । एवं रीतले ३० मिनेट सम्म पहिलो चरणको डाक वढाबढ हुने छ । पहिलो चरणको डाक बढाबढको समय अभाव भएको अवस्थामा डाक बढाबढ कार्यमा कार्यालयबाट खटिएका टोली र डाकबढाबढमा भाग लिन आएका सेवाग्राही विच आपसी समझदारी कायम गरी आवश्यक समयावधि थप गरी पुनः दोश्रो चरणको लागि डाक बढाबढ गराईने छ । सो अवधि भित्र डाक बढाबढमा जस्को कबोल रकम सब भन्दा बढी हुन्छ सोही रकमलाई अन्तिम रकम मानिने छ ।

३. डाक बढाबढ गर्दा प्रत्येक अघिल्लो डाकवालाको कबोल अंक भन्दा कम्तिमा रु. ५००।०० (अक्षरेपी रु. पाच सय मात्र) भन्दा बढी रकम थप गरी बोल्नु पर्ने छ ।

४. प्रत्येक पोखरीको ५ वर्षको न्युन्तम कबोल अंक तपसिलमा उल्लेख गरिएको छ । सोमा लाग्ने अन्य कर, दस्तुर, शुल्क सम्पुर्ण ठेक्का लिने ठेकेदारले नै बुझाउनु पर्ने छ ।

५. डाक बढावढ गर्दा प्रत्येक पटकको बोलीमा धरौटी स्वरुप नेपाली नागरिक भए कबोल अंकको ५ प्रतिशत र विदेशी नागरिक भएमा कबोल अंकको १० प्रतिशत रकम नगद राख्नु पर्ने छ । डाक स्विकृत भएको व्यक्ति सहित क्रमशः दोश्रो र तेश्रो स्थानको डाकवालाको धरौटी रकम पोखरीको सम्झौता नभए सम्मको लागि राखिने छ । सम्झौता भई सके पछि मात्र धरौटी फिर्ता दिनु पर्नेलाई नियमानुसार फिर्ता दिईने छ ।

६. पोखरी ठेक्काको स्विकृत कबोल रकम ५ (पाच) किस्तामा बुझाउनु पर्ने छ । पहिलो किस्ता र सोही किस्ता बराबरको जमानत वापतको रकम अग्रीम रुपमा बुझाई सकेपछि मात्र १ (एक) वर्ष म्याद भएको पट्टा चलन पुर्जी दिईने छ । पट्टा चलन पुर्जी अघिल्लो वर्षको चैत्र मसान्त भित्र थप अर्को किस्ताको रकम

अग्रीम रुपमा बुझाएमा मात्र पुन: १ वर्ष म्याद थप हुने छ । एवं रीतले पाच वर्ष सम्मको म्याद थप हुदै जाने छ ।

७. तोकिए बमोजिमको किस्ता रकम नबुझाएमा सम्बन्धित पोखरीको लागि अग्रीम एक किस्ताको रकम बराबर राखिएको जमानत वापतको रकम जफत गरी ठेक्का रद्द गरी बाकी अवधिकालागि अर्को ठेक्का बन्दोबस्त गरिने छ ।

८. ठेक्का रकम एकमुष्ठ बुझाउनेलाई ५ प्रतिशत छुट दिईने छ ।

९. डाक बढाबढको दिन विदा परेमा पनि तोकिएको समय, स्थानमा डाक बढाबढको कार्य गरिने छ ।

१०. डाक स्वीकृत भई जानकारी पाएको मितिले ७ (सात) दिन भित्र सम्झौता गर्न नआएमा धरौटी जफत गरी प्राथमिकता क्रमको क्रमश: दोश्रो तेश्रो बाट ठेक्का बन्दोवस्त गरिने छ ।

११. पोखरीको मौजूदा अवस्था आफै गई हेर्न वा विस्तृत जानकारीका लागि रामग्राम न.पा. को कर उपशाखामा सम्पर्क गर्नु हुन जानकारी गराइन्छ ।

१२. कुनै कारण खोली वा नखोली पोखरी ठेक्का दिने वा नदिने सम्पुर्ण अधिकार नगरपालिकामा सुरक्षित रहने छ ।

१३. नगरपालिकाबाट प्रत्येक वर्ष पोखरी मर्मत कार्य हुदै आएको हुदा जुन वर्ष जुन पोखरी मर्मत गर्नु पर्ने हो सोको जानकारी नगरपालिकाले प्रत्येक वर्षको माघ महिना भित्र सम्बन्धीत ठेकेदारलाई जानकारी गराउने छ र निज ठेकेदारले उक्त पोखरी फाल्गुन महिना भित्रै खाली गर्नु पर्ने छ । ठेकेदारले चैत्र र बैशाख दुई महिनाको अवधि भरी पोखरी खाली राखी मर्मत संभार कार्यमा सहयोग गर्नु पर्ने छ । उक्त कार्य गर्दा ठेकेदारलाई नगरपालिकाबाट कुनै छुट, मिनहा, क्षतिपुर्ती र म्याद थप दिइने छैन ।

१४. ठेक्का अवधि भरिमा ठेकेदारलाई कुनै किसिमको छुट, मिनहा, वा म्याद थप दिईनेछैन ।

१५. दैवी प्रकोप बाहेक कृषि लगाएत सामाजिक कार्यमा पोखरीको पानी प्रयोग गर्नु पर्ने अवस्था आएमा सम्बन्धित ठेकेदारको समन्वयमा मात्र गर्न सकिने छ ।

१६. अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

रोशन ज्ञवाली
कार्यकारी अधिकृत

रोशन ज्ञवाली
कार्यकारी अधिकृत

तपसिल

सम्पूर्ण पोखरीहरुको ठेक्का अवधि मिति २०७३ श्रावण १ गते देखि २०७७ चैत्र मसान्त सम्म कायम गरिएको छ ।

| क.स. | पोखरीको नाम | पोखरी घोला रहेको स्थान | प्रस्तावित ठेक अंक | डाक बढाबढ हुने मिति | डाक बढाबढ हुने समय | डाक बढाबढ हुने स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | सहुवाटिकर गाउ देखि उत्तर पोखरी | वडा न.१ सहुवाटिकर | १०००००१०० | २०७३/३/११ | विहान ७ बजे | नौरगा बगैचा | |
| २ | सण्डा गाउको पूर्व पोखरी | वडा न.१ सण्डा | १००००१०० | २०७३/३/११ | विहान ७ बजे | | |
| ३ | घोडपाली पोखरी | वडा न.३ घोडपाली | ५००००१०० | २०७३/३/११ | विहान ७ बजे | पाल्ही क्याम्पस जितपुर | |
| ४ | बैरिहवा गाउको पूर्व पोखरी | वडा न.४ बैरिहवा | १००००१०० | | | | |
| ५ | जितपुर गाउको पोखरी | वडा न.४ जितपुर | ३००००१०० | | | | |
| ६ | जितपुरको कटहिया पोखरी | वडा न.४ जितपुर | २५०००१०० | | | | |
| ७ | इटहिया पोखरी | वडा न.४ जितपुर | २५०००१०० | | | | |
| ८ | जितपुर पुरइनिहवा पोखरी | वडा न.४ जितपुर | ५००००१०० | | | | |
| ९ | जितपुर तिवारी पोखरी | वडा न.४ जितपुर | २५०००१०० | | | | |
| १० | रावण खण्डा घोला | नगरपालिका क्षेत्रभित्र | ५००००१०० | २०७३/३/१२ | विहान ७ बजे | हनुमान मन्दिर | |
| ११ | पोखरापाली चकदहवा पोखरी | वडा न.६ पोखरापाली | २५०००१०० | | | | |
| १२ | ठुलो पोखरा पोखरापाली | वडा न.६ पोखरापाली | १५००००१०० | | | | |
| १३ | विर्तटोलको पोखरी | वडा न.६ पोखरापाली | २५०००१०० | २०७३/३/१२ | विहान ७ बजे | उपस्वास्थ्य चौकी | |
| १४ | उजैनी धोवहा पोखरी | वडा न.७ उजेनी | १००००१०० | | | | |
| १५ | उजैनी जमुअहिया पोखरी | वडा न.७ उजैनी | ६००००१०० | | | | |
| १६ | उजैनी लोहरिहवा पोखरी | वडा न.७ उजैनी | २००००१०० | | | | |
| १७ | झरही नदीको पुरानो भगालो रामग्राम स्तुप | वडा नं. ७ | ५००००१०० | | | | |
| १८ | देउरवा धुरवन्दा पोखरी | वडा न.८ देउरवा | ३०००१०० | २०७३/३/१२ | विहान ७ बजे | लोहसडा नि.मा.वि. लोहसडा | |
| १९ | देउरवा पोखरी | वडा न. ८ देउरवा | २५०००१०० | | | | |
| २० | बैकुण्ठपुर दक्षिण पोखरी | वडा न.८ बैकुण्ठपुर | ३००००१०० | | | | |
| २१ | बैकुण्ठपुर पश्चिम घोला | न.पा.क्षेत्र भित्रबैकुण्ठपुर ८ | ५०००१०० | | | | |
| २२ | बैकुण्ठपुर पुर्व घोला | न.पा.क्षेत्र भित्रबैकुण्ठपुर ८ | ५०००१०० | | | | |



रोशन शिवाली
कार्यकारी अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २३ | ललितपुर बौडिहवा पोखरी | वडा न. ९ ललितपुर | २००००००।०० | २०७३/३/१३ | विहान ७ बजे | जनता नि.मा.वि. जोकवार | |
| २४ | जोकवार घोला (जनता नि. मा. वि. जोकवार जाने बाटो देखि दक्षिण पश्चिम नगरपालिका सिमाना सम्म) निर्माण हूने ४ पोखरी | वडा न. ९ जोकवार | २००००००।०० | | | | |
| २५ | ललीतपूर घोला (उत्तरमा नम्बरी सिमाना देखि दक्षिणमा जनता नि. मा. वि. जोकवार जाने बाटो सम्मको घोलाको) | वडा न. ९ ललितपुर | ५००००।०० | | | | |
| २६ | ललीतपूर घोला (उत्तरमा नम्बरी सिमाना देखि दक्षिणमा जनता नि. मा. वि. जोकवार जाने बाटो सम्मको घोलाको) पोखरी नं. २ | वडा न. ९ ललितपुर | ५००००।०० | | | | |
| २७ | ललीतपूर घोला (उत्तरमा नम्बरी सिमाना देखि दक्षिणमा जनता नि. मा. वि. जोकवार जाने बाटो सम्मको घोलाको) पोखरी नं. ३ | वडा न. ९ ललितपुर | ५००००।०० | | | | |
| २८ | ललीतपूर घोला (उत्तरमा नम्बरी सिमाना देखि दक्षिणमा जनता नि. मा. वि. जोकवार जाने बाटो सम्मको घोलाको) पोखरी नं. ४ | वडा न. ९ ललितपुर | ५००००।०० | | | | |
| २९ | लकहवा घोला | न.पा. क्षेत्रभित्र लंकहवा १० | १००००।०० | ०७३/३/१४ | विहान ७ बजे | लंकहवा सामुदायिक भवन | |
| ३० | भुतहवा पोखरी | वडा न. १० लंकहवा | २५०००।०० | | | | |
| ३१ | लंकहवा बेलहवा पोखरी | वडा न. १० लंकहवा | २५०००।०० | | | | |
| ३२ | लंकहवा लोहरवा पोखरी | वडा न. १० लंकहवा | ५०००।०० | | | | |
| ३३ | लंकहवा छोटकी बडकी पोखरी | वडा न. १० लंकहवा | २००००।०० | | | | |

रोशन [illegible] ग्यावाली
कार्यकारी अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३४ | मंझरिया पकडिहवा पोखरी | वडा न. १० मंझरिया | १०००००।०० | ०७३/३/१४ | विहान ७ बजे | पकडिहवा पोखरीको पार्कमा | |
| ३५ | मटिअहिया पोखरी | वडा न. १० मंझरिया | ५००००।०० | | | | |
| ३६ | मुर्दहिया पोखरी | वडा न. १० मंझरिया | २००००।०० | | | | |
| ३७ | बेलहिया पोखरी | वडा न. १० मंझरिया | ७५००।०० | | | | |
| ३८ | लक्ष्मीपुर गाउंको पुर्व उत्तर पोखरी | वडा न. १० लक्ष्मीपुर | ४००००।०० | ०७३/३/१४ | विहान ७ बजे | महिला सामुदायिक भवन | |
| ३९ | लक्ष्मीपुर गाउंको पश्चिम पोखरी | वडा न. १० लक्ष्मीपुर | २५०००।०० | | | | |
| ४० | रानीपाकड पुर्व पोखरी | वडा न. ११ रानीपाकड | ८००००।०० | २०७३/३/१५ | विहान ७ बजे | शिवमन्दिर नजिकको पिपलको चौतारामा | |
| ४१ | जमुवाडको गडोरी पोखरी | वडा न. ११ जमुवाड | ३००००।०० | | | | |
| ४२ | जमुवार्ड गाउंको उत्तर सानो पोखरी | वडा न. ११ जमुवाड | १५०००।०० | | | | |
| ४३ | पचगावा पोखरी | वडा न. १२ पचंगावा | ३००००।०० | २०७३/३/१५ | विहान ७ बजे | रामग्राम न.पा. भवनमा | |
| ४४ | कसियाको पोखरी | वडा न. १२ कसिया | २०००००।०० | | | | |
| ४५ | कसिया इटहिया पोखरी | वडा न. १२ कसिया | २००००।०० | | | | |
| ४६ | खखरी पोखरी | कुनवार १२ | १००००।०० | २०७३/३/१५ | विहान ७ बजे | जनता नि.मा.वि. कुवार | |
| ४७ | नया पोखरी (क) | कुनवार १२ | १५०००।०० | | | | |
| ४८ | नया पोखरी (ख) | कुनवार १२ | २००००।०० | | | | |
| ४९ | पियनीया पोखरी | कुनवार १२ | विवादित | | | | |
| ५० | मटिअहिया पोखरी | कुनवार १२ | विवादित | | | | |

रोशन ज्ञवाली
कार्यकारी अधिकृत